आज मिति २०७४ श्रावण ६ गतेका दिन यस बडीकेदार गाउँपालिकाको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्रीमान कृष्ण बहादुर चन्दज्यूको अध्यक्षतामा बसि निम्नानुसारका प्रस्तावहरूमाथी छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

**उपस्थिति**

| | | |
|---|---|---|
| (सही) | अध्यक्ष | श्री कृष्ण बहादुर चन्द |
| (सही) | उपाध्यक्ष | श्री इन्द्रा बोहोरा भाट |
| (सही) | सदस्य (१ नं. वडा अध्यक्ष) | श्री डबल बोहोरा |
| (सही) | " (२ " ") | श्री रामबहादुर नाम्जाली |
| लिलाधर (सही) | " (३ " ") | श्री लिलाधर सापकोटा |
| (सही) | " (४ " ") | श्री विरेन्द्र कोइकेली |
| (सही) | " (५ " ") | श्री बृहस्पति विनाडी |
| (सही) | " | श्री टिकाराम थल |
| दिपक (सही) | " | श्री दिपक बहादुर ढोली |
| आगा | " | श्री आगादेवी मल्ल |
| पद्मा | " | श्री पद्मादेवी नेपाली |
| चित्रा | " | श्री चित्रादेवी चन्द |
| निर्मला | " | श्री निर्मलादेवी दमाई |
| (सही) | सदस्य सचिव | श्री केशवराज भट्टराई |

**अन्य उपस्थिति**

श्री भरत बहादुर नेपाली (लेखा शाखा)
श्री दल बहादुर थापा (प्रशासन शाखा)
श्री चक्र ब. मल्ली (का.स.)

**प्रस्ताव तथा निर्णयहरू**

(१) शहिदहरू प्रति श्रद्धा सुमन सम्बन्धमा :-

लामो अस्थिरता, संक्रमण कालीन अवस्था संग जुध्दै देशमा संघीय लोकतान्त्रिक शासन पद्धतिको शुरुवातसँगै स्थानीय तह को निर्वाचन सम्पन्न भई स्थानीय तहमा पदाधिकारीहरूको पदभार ग्रहण समेत भएका छन्। यस ऐतिहासिक स्थल बडीकेदार गाउँपालिकामा पदभार ग्रहण भई स्थानीय सरकारको अभ्यासको सुरुवात भएकोले छ। सम्भवतः शहिदहरूको सपना साकार भएको छ।

(सही) (सही)

यसै सन्दर्भमा देशमा लोकतन्त्रलाई संस्थागत गर्ने क्रममा विभिन्न समयमा आफ्नो ज्यान देशको लागि आहुती दिनुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्ने निर्णय गरियो।

② कार्यालय सार्ने सम्बन्धमा :-

बडीकेदार गाउंपालिकाको हालसम्म साविक वड्डैन गाविस हाल वडा नं. २ को कार्यालयको भवनमा संचालन हुँदै आएको गाउंपालिकाबाट संचालन हुने सबै सेवा तथा अन्य प्रशासनिक लगाएतका कार्यहरु सोही स्थानबाट संचालन हुँदै आएको र गाउंपालिकाको कार्यालय वडा नं. २ खड्डेलीमा व्यवस्थापन भइसकेकोले वड्डैनमा रहेको कार्यालय र कार्यालयको सामान समेत खड्डेलीमा सार्ने निर्णय गरियो।

③ सडक सुचारु गर्ने सम्बन्धमा :-

यस गाउंपालिका अन्तर्गत वि.पी. नगरदेखि खोलालेक अन्तर काडसम्म नियमित संचालन हुँदै आएको मोटरबाटो केहीदिन यता वर्षाको कारण केही स्थानमा भत्किएको र केही स्थानमा पनी भमा भई खाल्डो परेको कारण यातायात सेवा अवरुद्ध भई बडीकेदारका सम्पूर्ण बासीहरु पैदल यात्रा गर्न बाध्य भई सास्ती बेहोर्नु परिरहेको कारण तत्काल सो बाटोलाई सामान्य मर्मत गरी नियमित सुचारु गर्न वडा नं. १ का अध्यक्ष श्री डबलसिंह बोहरालाई जिम्मेवारी दिने र सो को मर्मत सम्भार गर्दा लागेको खर्च गाउं सभाबाट अनुमोदन गराई भुक्तानी दिने निर्णय गरियो।

④ गाउँपालिकाको प्रोफाइल सम्बन्धमा :-

यस गाउंपालिकाको वार्षिक आवधिक लगाएतका योजनाहरु तयार गर्न र प्राथमिकिकरण समेत गर्नको लागि यस गाउंपालिकाको सम्पूर्ण विवरणहरुको एउटा प्रोफाइल तयार गर्न आवश्यक भएकोले सो को तयारीको लागि उपाध्यक्ष श्री कल्पा बोहरा ज्यूको संयोजकत्व सबै वडा अध्यक्ष प्रमुख प्र. कार्यकारी अधिकृत श्री केशवराज महत समेत सदस्य रहेको गरी प्रोफाइल तयारी समिति गठन गर्ने र छिटो भन्दा छिटो उपलब्ध गराउन आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन, फर्मेट तयारी छपाई, डाटा इन्ट्री, प्रतिवेदन तयारी र प्रोफाइल छपाई समेतको जिम्मेवारी सोही समितिलाई दिने निर्णय गरियो।

Scanned by CamScanner

(५) घरभाडा सम्बन्धमा :-

गाउँपालिकाको आफ्नै घर नभएको र आफ्नै घरको व्यवस्थापन नहुँदासम्मको लागि कार्यालय संचालनार्थ घर भाडामा लिनुपर्ने भएकोले सार्वजनिक खरिद ऐन-२०६३ को दफा ८३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम (११) बमोजिम घर भाडामा लिने निर्णय गरियो ।

(६) राजस्व परामर्श समिति गठन सम्बन्धमा :-

यस गाउँपालिकाको आर्थिक वर्ष ०७४/७५ को बजेट तथा योजना तर्जुमा गर्नेको लागि स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन २०७४ को बुँदा नं २.१ अनुसार तपसिल बमोजिमको राजस्व परामर्श समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो।

तपसिल

संयोजक - [illegible]
संयोजक - श्री इन्द्रा वोहोरा भाट - (उपाध्यक्ष)
सदस्य - श्री केशवराज भट्टराई - (का. अधिकृत)
" - श्री विरेन्द्र कोरंगी - (अ. लेखा अधिकृत)
" - श्री मायादेवी मल्ल - (सदस्य गा.पा.)
" - श्री राजेन्द्र के.सी. - (वि.पि.नी. वि. समिति निरक्षक)
सदस्य सचिव - श्री दल बहादुर थापा (लेखा प्रमुख)

(७) स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन सम्बन्धमा :-

यस गाउँपालिकाको आर्थिक वर्ष ०७४/७५ को बजेट तथा योजना तर्जुमा गर्नेको लागि स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन २०७४ को बुँदा नं २.२ अनुसार तपसिल बमोजिमको स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक श्री कमलबहादुर चन्द (अध्यक्ष)
सदस्य श्री इन्द्रा वोहोरा भाट (उपाध्यक्ष)
सदस्य श्री केशवराज भट्टराई (कार्यकारी अ.)
" श्री टीकाराम खुल (सदस्य गा.पा.)
श्री निर्मला नेपाली ( " " )
श्री पद्मा नेपाली ( " " )

(८) खानेपानी समस्या समाधानको लागि समन्वय सम्बन्धमा :-
यस वडीकेदार गाउँपालिकाको विभिन्न स्थानहरूमा खानेपानी योजना सञ्चालनको लागि ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाले योजना हरु संचालनार्थ प्रक्रिया अगाडी बढाइसकेको र गाउँपालिका स्थापना भएको खड्ँलीमा अन्य प्रणालीबाट योजना संचालन गर्न धेरै समय र लगानी लाग्ने भएकोले खड्ँलीको करीब ४०० मीटर तलबाट सोलारको माध्यमबाट पम्पिङ गरी खानेपानीको सेवा सहजरूपमा उपलब्ध गराउनको लागि जलस्रोत व्यवस्थापन परियोजना जिल्ला इकाइ डोटी मार्फत परियोजना सहयोग इकाई कार्यालय धनगढीलाई अनुरोध गर्ने निर्णय गरियो।

(९) संचार सेवा उपलब्ध सम्बन्धमा :-
यस वडीकेदार गाउँपालिकाको अधिकांश स्थानहरूमा टेलिकम टावर नभएको र भएका टावर समेतबाट अति न्यून सेवा उपलब्ध हुने गरेकोले यहाँका अधिकांश जनताहरू आजको २१औं शताब्दीमा समेत सूचना र प्रविधिको क्षेत्रको छायाँमा पर्न बाध्य भइरहेको अवस्था छ। यदि संचार सेवा उपलब्ध नहुनुले नेपालको संविधानमा व्यवस्था भए अनुसारको कतिपय मौलिक हक समेतबाट वंचित हुनु परिरहेको व्यापात्मक अवस्था रहेको छ तसर्थ निर्माण भएका कन्नरकंडा, धागल, खड्ँयैलीका टावरहरूको क्षमता वृद्धि गर्न र वडीकेदार वडा नं. १ विपिनगा चुकुल्ला, वडा नं. २ भलाफाडुकी र वडा नं. ३ नन्हनदुलाम्भा सबैरूपको क्षमता वृद्धि गर्न र उच्च सेवा सहितको नयाँ टावरको व्यवस्थाको लागि नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय गरियो।

(१०) वृद्ध भत्ता सम्बन्धमा :-
नेपाल सरकारबाट सम्मानित स्वरूप उपलब्ध हुँदै आइरहेको सामाजिक सुरक्षा भत्ता बापतको रकम सम्बन्धीत व्यक्तिको सट्टा घरको अन्य सदस्यले बुझिलिने गरेको र कही कतै वृद्ध/वृद्धाहरूको हातमा नपर्ने गरेको गुनासोहरू सुनिएकोले अब यस गाउँपालिकाका वडाहरु मार्फत वितरण हुने सामाजिक सुरक्षा भत्ता सम्बन्धीत व्यक्तिलाईनै उपलब्ध गराउने निर्णय गरियो।

(११) → प्रहरी चौकी सम्बन्धमा :-
गाउँपालिका कार्यालय रहेको खड्ँलीका ३० मीटर की.मी. अगाडी

बि.पी.नगर र करीब १२ की.मी. पहाडी भागमा प्रहरी चौकी रहेता पनि गाउँपालिका कार्यलय रहेको स्थान सुरक्षाको दृष्टिले संवेदनशील हुँदै गएकोले सो स्थानमा प्रहरी चौकीको व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरी अनुरोध गर्ने निर्णय गरियो ।

(१२) गुरुयोजना निर्माण सम्बन्धमा :-

यस ऐतिहासिक स्थल बद्रीकेदार गाउँपालिकाको विकास र समृद्धिको लागि गुरुयोजना निर्माण गर्नुपर्ने भएको र गाउँपालिकामा हाल सोको लागि स्रोत र जनशक्ति समेत प्रयाप्त नभएकोले गुरुयोजना निर्माणको लागि शहरी विकास विभाग बबरमहलमा समन्वय गर्ने निर्णय गरियो ।

(१३) नागरिकताको लागि घुम्ति शिविर सम्बन्धमा :-

मतदाता नामावलीमा नाम छुट भएका नेपाली नागरिकहरुको लागि निर्वाचन आयोगको निर्णय अनुसार यही श्रावण १८ गते देखि स्थानीय तहका कार्यालयहरुमा समेत सेवा उपलब्ध हुने निर्णय भएको तर यस गाउँपालिकामा छुट भएका अधिकांश नागरिकहरुको नागरिकता समेत नभएको र जिल्ला प्रशासन कार्यालय डोटीमा गई नागरिकता लिन आर्थिक रुपले समेत झन्झट भइरहेको भन्ने गुनासो आएकोले नागरिकता वितरणको लागि यस गाउँपालिकाको खड्चौलीमा घुम्ति शिविर संचालन गर्न जिल्ला प्रशासन कार्यालय डोटीमा पत्राचार गरी अनुरोध गर्ने निर्णय गरियो ।

(१४) स्वास्थ्य सेवाको घुम्ति शिविर सम्बन्धमा :-

यस गाउँपालिकाको करीब ६०० महिलाहरुमा पाठेघर सम्बन्धी समस्या रहेको र करीब १५० जना महिलाहरुको यो रोगको अवस्था गम्भिर प्रकृतिको तहमा पुगी सकेकोले पाठेघर सम्बन्धी उपचार सम्बन्धी शिविर संचालन हुने व्यवस्था मिलाउनको लागि स्वास्थ्य मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

(१५) एक्जाभेटर खरिद सम्बन्धमा :-

नयाँ सडकहरुको निर्माण पुराना सडकहरुको मर्मत सुधार जस्ता नियमित कार्य गर्न यस गाउँपालिकाको नाममा एक थान एक्जाभेटर खरिद गर्ने निर्णय गरी

Scanned by CamScanner

१६) स्थानीय तहका पदाधिकारीहरूको आचार संहिता र बैठक संचालन कार्यविधि स्वीकृत सम्बन्धमा :-

यस बडीकेदार गाउँपालिकामा हुने बैठकहरू संचालन हुँदा अनुशासित र मर्यादित होस भन्ने उद्देश्य सहित संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा जारी गरेका कानुनहरू मध्ये गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि-२०७४ र स्थानीय तहका पदाधिकारीहरूको आचार संहिता यसै बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

Scanned by CamScanner